# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः १६ प्रमाणिकरणः२०७८।०८।२०

प्रकाशन मितिः २०७८।०८।२०

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धि कार्यविधि, २०७८

**प्रस्तावनाः**

ठाकुरबाबा नगरपालिका क्षेत्रभित्र सञ्चालित क्याम्पस तथा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर तथा भौतिक पूर्वाधार निर्माणका लागि शैक्षिक विकास कोष परिचालन गर्न वाञ्छनिय भएकाले "ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५" को दफा ४ को अधिनमा रही यो कार्यविधि बनाईएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धि कार्यविधि, २०७८"** रहेको छ ।

ख) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धि कार्यविधि, २०७८

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिकाको कार्यालय, सैनवार बर्दियालाई सम्झनु पर्दछ ।

ख) **"कार्यविधि"** भन्नाले ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धि कार्यविधि, २०७८ सम्झनु पर्दछ ।

ग) **"शाखा"** भन्नाले ठाकुरबाबा नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

घ) **"कोष"** भन्नाले ठाकुरबाबा नगरपालिकाको शैक्षिक विकास कोषलाई सम्झनु पर्दछ ।

ङ) **"विद्यालय"** भन्नाले ठाकुरबाबा नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ ।

च) **"क्याम्पस"** भन्नाले ठाकुरबाबा नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक क्याम्पसलाई सम्झनु पर्दछ ।

छ) **"समिति"** भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ ।

३. **उद्देश्यः** यस कार्यविधि निम्न बमोजिमका उद्देश्यहरुमा केन्द्रित रहनेछ ।

(क) समुदायको लगानीबाट स्थापित सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर र आधारभूत भौतिक व्यवस्थापनका लागि क्याम्पसहरुलाई सहयोग गर्ने ।

(ख) सामुदायिक विद्यालयहरुको शैक्षिक तथा भौतिक विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्न तथा विद्यालय विकास गर्न रकम प्रदान गर्ने ।

(ग) शैक्षिक क्षेत्रमा नयाँ कार्य थालनी गर्ने, सिर्जनात्मक कार्य गर्ने, शैक्षिक गुणस्तर विकासमा उल्लेखनीय प्रगति गर्ने विद्यालयहरुलाई प्रोत्साहन अनुदान प्रदान गर्ने ।

(घ) विभिन्न संघसंस्थाले यस कोषको रकमसँग साझेदारी गरी शैक्षिक विकासमा योगदान गर्ने ।

(ङ) विपन्न समुदायको शिक्षामा पहुँच वृद्धिमा सहयोग गर्ने ।

४. **कोषको व्यवस्थाः** शैक्षिक विकास कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) नगरपालिकाद्वारा लिइएको शैक्षिक सुधार कोष बापतको रकम ।

(ख) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

५. **कोष परिचालन सम्बन्धी व्यवस्थाः** यस कोषमा जम्मा भएको रकमको परिचालन तथा वितरणको कार्य यस कार्यविधि बमोजिम ठाकुरबाबा नगरपालिकाको नगर शिक्षा समितिले गर्नेछ ।

६. **कोषको वितरणः**

(क) यस कोषमा जम्मा भएको रकम ५० प्रतिशत शैक्षिक सुधार र ५० प्रतिशत भौतिक पूर्वाधारतर्फ खर्च गर्ने गरी वितरण गरिनेछ ।

(ख) कुल वितरण गरिने रकमको बढीमा ५० प्रतिशत रकम क्याम्पसहरुलाई विद्यार्थी सङ्ख्या, सञ्चालित सङ्काय र तह तथा शैक्षिक विकास प्रस्तावका आधारमा वितरण गरिनेछ ।

ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धि कार्यविधि २०७८

(ग) कुल रकमको ५० प्रतिशत रकम सामुदायिक विद्यालयहरुको भौतिक तथा शैक्षिक गुणस्तर विकासका लागि वितरण गरिनेछ ।

(घ) तोकिएको प्रार्थमिकता र प्रस्तावित सुधारका योजनाहरु उपयुक्त नदेखिएमा तोकिएको प्रतिशतमा रकम वितरण गर्न बाध्य भएको मानिने छैन ।

(ङ) कोषको रकम लिन चाहने क्याम्पस तथा विद्यालयहरुले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(च) कोषको रकम लिन चाहने क्याम्पस तथा विद्यालय संग अनुसूची-२ बमोजिमको ढाँचामा आवश्यकता अनुसारका शर्तहरु थप गरि सम्झौता गरिनेछ ।

**७. रकम वितरण गर्दा तपसिलको पक्षलाई मुख्य आधार मान्नु पर्नेछ ।**

क) शैक्षिक गुणस्तका लागि बनाउनु पर्ने भौतिक विकासका काम तथा मर्मत सुधार गर्नुपर्ने अवस्था

ख) विद्यार्थीको पहुँच वृद्धि गर्न तथा विद्यार्थीहरुको अनुकुलताका लागि यातायातका साधनको व्यवस्थापन गर्न आवश्यक भएमा ।

ग) पठनपाठन व्यवस्थापन र शैक्षिक गुणस्तर सुधार गर्न ।

घ) विद्यालयको न्यून आयस्रोतका कारण विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्न गाह्रो भएको विद्यालयहरुको पहिचान ।

ङ) विद्यार्थी सङ्ख्या बढाउन ।

च) क्याम्पसलाई प्रदान गरिने रकम क्याम्पसको भौतिक विकास, क्षमता विकास, शैक्षणिक प्रवन्ध र शिक्षण सामग्रीमा खर्च गर्ने गरी प्रदान गर्ने तर शिक्षक कर्मचारीको तलब भत्तामा खर्च गर्न नपाइने।

**८. आर्थिक व्यवस्थापन तथा कार्य सम्पन्नता प्रतिवेदनः**

क) कोषबाट रकम पाउने विद्यालय तथा क्याम्पसहरुले नियमानुसार खर्च गरी सामाजिक परिक्षण प्रतिवेदन सहित वार्षिक लेखा परिक्षण प्रतिवेदन यस कोष परिचालन समितिमा पेश गर्नुपर्नेछ ।

ख) रकम निकास भई कार्य सम्पन्न भए पछि कार्य प्रगति विवरण खर्चका बिल भरपाईहरुको प्रमाणित प्रतिलिपि शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य पेश गर्नुपर्ने ।

ग) कोषको रकम अनुदान पाउने शिक्षण संस्थाले कोषको रकमले पारेको सकारात्मक प्रभावको प्रतिवेदन पेश गर्नुपर्ने ।

**९. विविधः**

(क) बैठकका निर्णयहरु अभिलेख गरी राखिनेछ ।

(ग) कोषको रकम निर्णय भएको शिक्षण संस्थाले सूचना पाएको १५ दिनभित्र सम्झौता गरी कार्य प्रारम्भ गर्नु पर्नेछ । कार्य प्रारम्भ गर्न नसक्नेको हकमा अर्को शिक्षण संस्थालाई उक्त कोषको रकम उपलब्ध गराउन सकिनेछ ।

ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धी कार्यविधि, २०७८

**१०. बाधा अड्काउ फुकाउ र खारेजीः**

(क) यस कार्यविधिको कार्यान्वयनमा कुनै पनि किसिमको बाधा अड्चन आईपरेमा सोको समाधान ठाकुरबाबा नगरपालिकाको नगरकार्यपालिकाबाट हुनेछ ।

(ख) यस कार्यविधि सङ्घीय सरकार, प्रदेश सरकार र ठाकुरबाबा नगरपालिकाको कुनै नियम कानुनसँग बाझिएमा स्वतः खारेज हुनेछ ।

ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धि कार्यविधि, २०७८

अनुसूची -१
(कार्यविधिको दफा ६(ङ) सँग सम्बन्धित)
निवेदनको ढाँचा

मितिः२०......।.....।......

श्री ठाकुरबाबा नगरपालिका
सैनवार बर्दिया

**<u>बिषयः शैक्षिक विकास कोषको रकम उपलब्ध गराईदिने सम्बन्धमा ।</u>**

प्रस्तुत विषयमा "**ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धि कार्यविधि, २०७८**" बमोजिम मिति २०७...।.....।...... को सूचना अनुसार शैक्षिक विकास कोषको रकमबाट तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न यो प्रस्तावना पेश गरिएको छ ।

**<u>तपसिल</u>**

१. विद्यालय/ क्याम्पसको नामः
२. सम्पर्क नं.: ३. ठेगानाः
४. कुल विद्यार्थी सङ्ख्याः ५. प्राविधिक विषयतर्फ सञ्चालित कार्यक्रमः
६. प्राविधिक तर्फका विद्यार्थी सङ्ख्याः ७. कार्यरत जनशक्तिको विवरणः
८. विद्यालयको जग्गाको विवरणः

**योजना प्रस्तावनाको ढाँचा**

१. कार्यक्रमको नामः
२. कार्यक्रमको दीर्घकालीन उद्देश्यः
३. अवधिः
४. प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरणः
५. उद्धेश्य प्राप्तिका लागि संचालन गरिने क्रियाकलापहरुको विवरणः
६. स्रोत र साधनः
(क) विद्यालयको साझेदारीः
(ख) अन्य निकायको साझेदारी
७. अपेक्षित उपलब्धि
८. जोखिमहरुः
९. कार्यक्रम कार्यान्वयन कार्ययोजनाः
१०. प्रतिबद्धताः

*कार्यक्रमका लागि रकम प्राप्त भएमा भएमा पेश गरिएको प्रस्तावना बमोजिम बमोजिम उल्लेखित कार्य गर्नेछौं। प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा ठाकुरबाबा नगरपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । यसमा लेखिए बमोजिम नभएमा कानुन बमोजिम सहुँला/बुझाउँला ।*

..................... ....................
प्रधानाध्यापक वि.व्य.स. अध्यक्ष

ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धि कार्यविधि २०७८

अनुसुची-२

(कार्यविधिको दफा ६ (च) सँग सम्बन्धित)

**सम्झौता पत्रको ढाँचा**

ठाकुरबाबा नगरपालिका सैनवार बर्दिया र कार्यक्रम सञ्चालन गर्ने ..................... विद्यालयबीच भएको सम्झौतापत्र

ठाकुरबाबा नगरपालिका सैनवार बर्दिया (यसपछि प्रथम पक्ष भनिएको) ..................विद्यालय/क्याम्पस (यसपछि दोस्रो पक्ष भनिएको) बीच देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही शैक्षिक विकास कोषबाट कार्यक्रम सञ्चालन गर्नका लागि सहमति कायम गरी यो दुईपक्षीय सम्झौता गरिएको छ ।

**सम्झौताका शर्तहरुः**

१. कार्यक्रम सञ्चालनको क्रममा दोस्रो पक्षले " **ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धि कार्यविधि, २०७८**" मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्नु गराउनु पर्नेछ ।

२. प्रथम पक्षद्वारा प्रदान गरिएको अनुदान स्विकृत शीर्षकमानै खर्च गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ।

३. कार्यक्रम सञ्चालनको क्रममा प्रथम पक्षले दोस्रो पक्षको अनुगमन तथा सुझाव दिन सक्नेछ ।

४. अनुदान रकमको दुरुपयोग हुन नदिनको लागि दोस्रो पक्षले आवश्यक व्यवस्था मिलाउने र प्रथम पक्षले त्यसमा आवश्यक सहयोग गर्नेछ ।

५. कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा कुनै समस्या देखा परेमा दुवै पक्षबीच सहमति कायम गरी यस सम्झौता पत्रमा आवश्यक परिमार्जन गर्न सकिनेछ । दोस्रो पक्षले चौमासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई एकमुष्ठ रु. ............... (अक्षरुपी ........... मात्र) विद्यालयको खातामा उपलब्ध गराउनेछ ।

७. यस सम्झौतापत्रमा उल्लेख नभएका विषयमा "**ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन सम्बन्धि कार्यविधि, २०७८**" बमोजिम हुनेछ ।

| **प्रथम पक्षबाट** | **दोस्रो पक्षबाट** |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः छापः | दस्तखतः छापः |

ठाकुरबाबा नगरपालिका शैक्षिक विकास कोष परिचालन कार्यविधि, २०७८